नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर, हेटौंडा

☎ ०५७-५२०४९५ कार्यालय
०५७-५२०३८८ कार्यालय
०५७-५२००१२ कार्यालय
०५७-५२०७१२ निवास
०५७-५२३८२२ फ्याक्स


पत्र संख्या :- ०८०/०८१

चलानी नं. :-

मिति २०८०-०७-२४

## विज्ञप्ति

यस वर्षको यमपञ्चक (तिहार), नेपाल सम्वत् ११४४, छठ लगायतका पर्वहरूको सुखद उपलक्ष्यमा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, निजी तथा संगठित संस्थामा आबद्ध कर्मचारी तथा समस्त मकवानपुर जिल्लावासीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि जिल्ला प्रशासन कार्यालय, मकवानपुर परिवार हार्दिक शुभकामना व्यक्त गर्दछ ।

मिति २०८०-०७-२२ को जिल्ला सुरक्षा समितिको बैठकबाट तिहार तथा छठ पर्वका समयमा जिल्लाभित्र शान्ति सुरक्षालाई प्रभावकारी तुल्याई शान्तिपूर्ण एवं सौहार्दपूर्ण वातावरणमा चाडपर्व मनाउने वातावरण कायम गर्न देहाय अनुसारको निर्णय समेत भएको हुँदा सो बमोजिम गर्नु, गराउनु हुन सबै सरोकारवालाहरूमा हार्दिक अनुरोध छ ।

क. चाडपर्वको समयमा आफूले खुशीयाली मनाउँदा/मनोरञ्जन गर्दा अन्य व्यक्ति, छिमेकी, टोल, समुदाय र सार्वजनिक जीवनमा असर नपर्ने गरी मनाउने ।

ख. देउसी तथा भैलो लगायतका साँस्कृतिक मनोरञ्जनात्मक कार्यक्रमहरू राती ०९:०० बजेसम्म मात्र सञ्चालन गर्ने व्यवस्था गर्ने, सो समय पश्चात् अनिवार्य रूपमा बन्द गर्ने ।

ग. तिहार र छठ पर्व मनाउने क्रममा पटाका, भुईचम्पा, आतिशवाजी जस्ता प्रज्वलनशील पदार्थको प्रयोगबाट सर्वसाधारणको स्वास्थ्य, सुरक्षा लगायत समग्र जनजीवनमा प्रतिकूल असर पर्ने हुँदा त्यस्ता पदार्थको भण्डारण, विक्री वितरण, ओसार पसार तथा प्रयोग नगर्ने, नगराउने ।

घ. जुवा, तास खेल्ने खेलाउने जस्ता कानूनले निषेध गरेका क्रियाकलापहरू नगर्ने, नगराउने ।

ङ. सार्वजनिक स्थलमा मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, झैझगडा गर्ने लगायतका समाजमा अशान्ति सिर्जना गर्ने क्रियाकलापहरू नगर्ने, नगराउने ।

साथै, मिति २०७९-०४-११ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार नेपाल सरकारले नेपालभर प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, विक्री वितरण वा भण्डारण गर्न पूर्ण रूपमा रोक लगाएको हुँदा सो कार्य नगर्नु, नगराउनु हुन अनुरोध गर्दै प्रचलित कानून विपरितका गतिविधि/क्रियाकलाप सञ्चालन गर्ने, गराइएको पाइएमा कानून बमोजिम कारबाही भइजाने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८०/७/२४

(झरेन्द्र प्रसाद चापागाई)

नि. प्रमुख जिल्ला अधिकारी